# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा

गण्डकी प्रदेश,नेपाल


प.सं.:२०७६।७७

च.नं.: १३५३

मितिः २०७६।०८।०१

श्री वडा अध्यक्ष ज्यू,

वडा कार्यालयहरु(सबै), पुतलीबजार नगरपालिका, स्याङ्जा ।

**विषयः योजना छनौट गरी पठाउनुहुन ।**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत सञ्चालन हुने योजनाहरुको प्राथमिकिकरण गरि योजना सञ्चालन गर्नको निम्ति तहाँ वडा अन्तर्गत सञ्चालन हुने योजनाहरु प्राथमिकता जनाई वडा समितिबाट निर्णय गरी कम्तिमा २ वटा अधिकतम रु १० लाख प्रति योजनाको लागत हुनेगरी योजनाको नाम, कार्यान्वयन हुने स्थान स्पष्ट खुल्ने गरी मिति २०७६।०८।०५ गतेभित्र यस नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा आईपुग्ने गरी पठाउनुहुन अनुरोध छ । साथै सफ्टवयर(EMIS) मा प्रविश्टि गरेको बेरोजागार व्यक्तिको संख्याको आधारमा वडाको योजना प्राथमिकिकरण हुने र सोही अनुपातमा बजेट बिनियोजन हुने भएकोले यथासक्य छिटो यस अघि पठाईएको "सुचिकृत बेरोजगारको अपुग विवरण अद्यावधिक गर्ने फाराम" भराई रोजगार सेवा केन्द्रमा पठाउनुहुन अनुरोध छ । पुर्ण विवरण सहितको सो फाराम नभरेको व्यक्तिहरुलाई बेरोजगारको सुचीबाट हटाईने व्यहोरा समेत अनुरोध छ ।

साथै आयोजनाका क्षेत्र यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ । आयोजना छनौट गर्दा सो क्षेत्रमध्येबाट छनौट गर्नुपर्नेछ ।

(रुद्र बहादुर मल्ल)
प्रमुख प्रशासकीय अधिकृत

रुद्र बहादुर मल्ल
प्रमुख प्रशासकिय अधिकृत

५. **आयोजना सञ्चालनका क्षेत्र**: यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण